परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक २ २०७७ श्रावण ११ गते आईतवार Sunday 26, JULY, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरौं अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## कोरोनाको आशंकामा बिरामी भर्ना नलिदा एम्बुलेन्समै मृत्यु, पीसीआर नगेटीभ



विराटनगर । कोरोना कोभिड-१९ को आंशकामा नोवेल मेडिकल कलेज र कोशी अस्पताला विराटनगरले विरामिको भर्ना नलिदा एम्वुलेन्समै एक विरामीको मृत्यु भए पछि मृतकको स्वाव लिएर पिसिआर परिक्षण गदा नगेटिभ देखिएको कोशी अस्पतलले जनाएको छ ।

कोशी अस्पतलाको आकस्मिक कक्षमा काम गर्ने स्वास्थ्य कर्मीहरुले भर्ना न लिएपछि उदयपुर नगर पालिका वडा नं. ५ का २३ को युवक पदम राईको मृत्यु भएको थियो । तत्कालै भर्ना लिएको भए राई मृत्यु वरण गर्नु पर्दैन थियो ।

उदयपुरका पदम राईलाई अस्पतालहरुले भर्ना नलिदा एम्वुलन्समै मृत्यु भएको विरामीका आफन्तले वताएको थियो । कोशी अस्पतालको आकस्मिक कक्ष अगाडी २ घण्टा एम्वुलेन्समा विरामी छरपटाई रहेका थिए तर कुनै पनि डाक्टर र अस्पतला प्रशासनले छुन नमानेपछि एम्वुलेन्समै मृत्यु भएको हो ।

श्वासप्रस्वासको विरामीका कारण कटारी अस्पतलामा भर्ना भएको राईलाई रेफर गरेपछि एम्वुलेन्समा नोवेल मेडिकल कलेज विराटनगर आएका थिए त्यहा कोरोना जांच गराएपछि मात्र भना लिने भन्दै फर्काएपछि कोशी अस्पताल आएका थिए ।

कोरोनाको शंका लागेर अस्पतलाका कुनै पनि चिकित्सक ले उपचार गर्न नमानेपछि एम्वुलेन्स भित्रै छटपटाएर मृत्यु भएको राईको आफन्तले जानकारी गराएका थिए ।

एम्वुलेन्समा छटपटाई रहेको विरामीलाई उपचार गर्न त्यहां भएका स्वास्थ्य कर्मीलाई भन्दा पनि कसैले छुन नमानेको मृतको आफन्छ रोमा गोलेले वताए ।

यस सम्वन्धमा कोशी अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. चुमनलाल

वांकी अन्तिम पेजमा...

## स्थानीय तहको बेरुजु गतवर्षका तुलनामा दोब्बर

विराटनगर । प्रदेश नं. १ मा स्थानीय तहहरुले आर्थिक वर्ष २०७५/०७६ को तुलनामा आर्थिक वर्ष २०७६/०७७ मा दोवर बरुजु रहेको लेखा महालेखा परिक्षकको कार्यालयका प्रतिवेदनमा उल्लेख गरको छ ।

प्रदेश १ का स्थानीय तहहरुको बेरुजू आर्थिक वर्ष २०७६/०७७ मा १४ जिल्लाका १ सय ३७ स्थानीय तहको कुल बेरुजू ९ दशमलव २९ प्रतिशत रहेको छ। प्रदेश १ का स्थानीय तहको बेरुजू आर्थिक वर्ष २०७५/०७६ मा ४दशमलव ०२ प्रतिशत रहेको थियो ।

महालेखा परीक्षकको ५७ औं बार्षिक प्रतिवेदन अनुसार १ सय ३७ स्थानीय तहको लेखा परीक्षण गरिएको १ खर्व १३ करोड ९८ लाख ६४ हजार ९८ हजार मध्ये १० अर्व ५८ करोड ४२ लाख २५ हजार बेरुजू देखिएको छ ।

सवैभन्दा बेरुजू धनकुटा जिल्लाको धनकुटा नगरपालिकामा देखिएको धनकुटा छ । नगरपालिका मा १४ दशमलव ६४ प्रतिशत बेरुजु देखिएको छ । धनकुटा नगरपालिकाको १ अर्व १३ करोड २६ लाख ३४ हजारको लेखा परीक्षण गर्दा १६ करोड ५८ लाख ६८ हजार बेरुजू देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

त्यसपछि बेरुजु गर्ने स्थानीय तहहरुमा संखुवासभाको पाँचखपन, मादी, सुनसरीको इनरुवा

वांकी अन्तिम पेजमा...

## इजाजतपत्रको दुरुपयोग गरेर काठ तस्करी

विराटनगर । डिभिजन वन कार्यालयले ओसारपसारका लागि दिने इजाजत पत्र (छोड पूर्जी) को दुरुपयोग गरेर मोरङमा काठ तस्करी भइरहेको नयाँ रहस्य बाहिर आएको छ । छोड पूर्जीमा निकासी गर्ने भनेर उल्लेख गरेको भन्दा अरु नै प्रजातिका काठ ढुवानी गरेर तस्करी भइरहेको फेलापरेको छ ।

प्रहरीले कटहरी गाउँपालिकाको हुलाकी राजमार्ग खण्डबाट ठूलो परिणामको काठ बरामद गरेर कारबाहीका लागि वन कार्यालयमा बुझाएपछि वनले अनुसन्धान अघि बढाउँदा इजाजत पत्रको दुरुपयोग गर्दै पत्रमा उल्लेख भएभन्दा अरु प्रजातिको काठ निकासी गर्ने गरेको फेला परेको छ ।

तस्करीको काठ हुन सक्ने आशंकामा विराटनगरतर्फ ल्याउँदै गर्दा गोलीया लोड गरेको को २ त ३२४८ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएर वन कार्यालयलाई बुझाइएको मोरङ जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ । सिमल, पिठारी र कदमको गरेर एक सय २० क्यूफिट काठ प्रहरीले बरामद गरेको थियो ।

प्रहरीले ट्र्याक्टर चालक रंगेली नगरपालिका वडा नं. ३ को मेघनाथ मण्डल र विराटनगर महानगरपालिका वडा नं. ६ को ओमप्रकाश यादवलाई पनि पक्राउ गरेको थियो ।

पूर्जीमा उल्लेख भएअनुसार काठको परिणाम नभएकाले र पूर्जीको म्याद नै सकिएको तथा इजाजत दिएको भन्दा अरु नै प्रजातिका काठ ओसार्ने गरेको पाइएपछि ट्र्याक्टर नियन्त्रणमा लिइएको थियो ।

प्रहरीले काठसँगै नियन्त्रणमा लिएको छोड पूर्जी असार १२ गते चार सय ३१ क्यूफिट काठका लागि जारी देखिन्छ । डिभिजन वन

वांकी अन्तिम पेजमा...

## अक्सफोर्ड पछि रूसले भन्यो तयार छ भ्याक्सीन

विराटनगर । लण्डनको अक्सफोर्ड यूनिभर्सिटीले कोरोना भ्याक्सीनको शुभ समाचार दिएपछि रुसले पनि भन्यो हामीसंग तयार छ भ्याक्सीन ।

अक्सफोर्ड यूनिभर्सिटीपछि रुसले कोरोना भइरसको भ्याक्सिन वनाएको दावी गरेको छ । रुसले भन्छ हाम्रो देशमा कोरोना भाइरस ठीक गर्ने एन्टी डोज प्रयोग गर्न तयार रहेको छ । कोरोना भइरसको रोकथामको लागि विश्व भरीका देशहरु नै कोरोना भाइरसको एण्टी डोज वनाउन लागि परेका थिए ।

रुसको उप रक्षा मन्त्री रुसलान त्सलीकोवले भन्यो रुसी रक्षा मन्त्रालयको सहयोगले निर्माण गरिएको कोरोना एण्टी भ्याक्सिनको दोस्रो चरणको परिक्षण सफलतापूर्वक गरि सकेको छ । घरेलु रुपमा प्रयोग गर्न खोप तयार छ । भ्याक्सिन जुन व्यक्तिमा प्रयोग गरिएको थियो । उसले राम्रो महसुस गरेको छ ।

कोरोनाको प्रतिरोधक क्षमता विकसित भइरहेको वताउंदै रुसले २०२० मा घरेलु स्तरको लागि ३ करोड र विदेशको लागि १७ करोड डोज तया गर्न सक्दछ । पाँचवटा देशले भ्याक्सीनको उत्पादनको लागि तत्परता देखाई सको छ ।

अक्सफोर्ड यूनिभर्सिटीले वनाएको कोरोना भ्याक्सिनलाई बैज्ञानिकहरुले सुरक्षित रहको वताएको छ ।

त्यसैगरी अक्सफोर्ड यूनिवर्सिटीले कोरोना भाइरसको भ्याक्सीन तयार गरी सकेको दावी गरेको छ । सोधकर्ता एक वैज्ञानिकले दावी गरेको छ कि अक्सफोर्डले दावी गरेको औषधी सुरक्षित रहेको छ । अक्सफोर्डले विकसित गरेका कोरोनाको एण्टी भ्याक्सीन प्रतिरक्षा प्रणालीको विकासभई शरिर भित्र कडा प्रतिरक्षा उत्पन्न गर्नेछ ।

एण्टीवडीज उत्पन्न गर्ने एकवाट नयां खोपको भयो विकास एक अध्ययनको अनुसार वैज्ञानिकहरुले एउटा यस्तो कोभिड-१९ खोप विकसित गरेको छ । जसमा एण्टीवडीज उत्पन्न गर्दछ जुन किन मूसा र स्तनधारी प्राणीमा एकवटा खोपले कोरोना भाइरसलाई सखाप पारेर स्वस्थ्य वनाई दिन्छ । यो अध्ययन गर्ने टीमा एक जान भारतीइ

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## कोरोनाको...

दासले भने विरामीको आफन्तलाई आइसुलेसनमा राख्न भन्दा नमानेको र विरामी यूवकको अवस्था गम्भिर भएकोले धरान रेफर गर्ने तयारी गर्दा गर्दै युवकको मृत्यु भएको जानकारी दिएका थिए । मृतक यूवकको पिसीआर परिक्षण नगेटिभ भएपछि आकस्मिक कक्षमा कार्यरत डाक्टर र स्वास्थ्य कर्मीहरुको भर्ना किन नलिएको भनी स्पष्टी करण सोधीएको दासको भनाई छ ।

## अक्सफोर्ड...

वैज्ञानिकको पनि सहभागीता रहेको छ । उक्त खोप मांसपेशमा लगाएपछि दुई साता भित्र खोपको प्रभाव शुरु भइहाल्छ ।

वैज्ञानिकहरु भनेको छ यस प्रकारको खोप प्रोटिनको मात्रा अत्याधिक मात्रा समावेश गरेको छ । मानव शरिमा प्रतिरक्ष प्रणालीको भरपुर विकास गर्दछ ।

## स्थानीय...

नगरपालिका र धनकुटाको महालक्ष्मी नगरपालिकामा क्रमश १० दशमलव ९८, १० दशमलव ५३, १० दशमलव ३६, १० दशमलव ३१ प्रतिशत वेरुजू देखिएको छ । महालेखाको प्रतिवेदन अनुसार खोटाङको हलेसी तुवाचुङ नगरपालिकाको ९ दशमलव ४३, मोरंगको बुढीगंगा गाउँपालिकाको ९ दशमलव ७७, सुनसरीको हरिनगरको ९.८१ प्रतिशत बेरुजु रहेको छ ।

प्रदेश १ मा सवैभन्दा कम बेरुजू झापाको मेचीनगर नगरपालिको छ । मेचीनगरको वेरुजू प्रतिशत ० दशमलव ०३ प्रतिशत छ । मेचीनगर नगरपालिकाको २ अर्व ६४ करोड ३१ लाख २ हजारको लेखा परीक्षण गर्दा ८ लाख ९३ हजार वेरुजू देखिएको छ । प्रदेश १ का अन्य जिल्लाको तुलनामा झापाका स्थानीय तहहरुमा वेरुजू कम देखिएको छ ।

झापाका १५ वटा स्थानीय तहहरु मध्ये कनकाईको ० दशमलव १७ प्रतिशत, अर्जुनधाराको ० दशमलव ६०, कचनकवलको ० दशमलव ४७, बार्हदशीको ० दशमलव ९३ वेरुजू रहेको छ । झापामा गौरादह नगरपालिकाको सवैभन्दा बढी ५ दशमलव २० प्रतिशत बेरुजू रहेको छ ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ अनुसार कानुन बमोजिम रीत नपुर्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित तरिकाले कारोबार गरेको खण्डमा गरिएको कारोबारलाई महालेखाले बेरुजु देखाउने गरेको छ ।

## इजाजतपत्र...

कार्यालयले १० दिनको मात्रै म्याद राखेर काठ ओसारपासरका लागि इजाजत दिने गर्छ ।

डिभिजन वन कार्यालय मोरङका अनुसन्धान अधिकृत परमेश्वर पासवानले म्याद सकिएको पूर्जीको प्रयोग गर्दै त्यहाँ उल्लेख भएभन्दा अरुनै प्रजातिका काठ ओसारपसार गरेर तस्करी हुने गरेको पाइएको बताउनु भयो । म्याद सकिएको पूर्जी प्रयोग गरेर इजाजत लिएको भन्दा अरु प्रजातिका काठ ओसारपसार भएको वताए ।

पूर्जीमा कदम, आँप, सिरिस (गोल्डमोहर) का काठको इजाजत लिएको भए पनि त्यहाँ उल्लेख भएभन्दा बाहिरका प्रजाति सिमल, पिठारी र कदमको काठ ओसापसार भएको भेटियो पासवानले बताउनु भयो ।

काठसहित पक्राउ गरिएका हरुलाई वन ऐन २०७६ अनुसार मुद्दा चलाउन म्याद थप गरेर अनुसन्धान अघि बढाइएको छ । पक्राउ परेकाहरुले राजकुमार साहले आफूहरुलाई काठ ढुवानी गर्न लगाएको बताएका छन् । साह फरार रहेकाले खोजी भइरहेको वन कार्यालयले जनाएको छ ।

## जसले...

प्रभावित महिलाहरू मध्ये पाँच प्रतिशत महिलाहरू पनि छैनन्, जसलाई मनोसामाजिक समस्या नभएको होस् । २०७३ साल असोजमा स्थापना भएको सेफ हाउसमा आएका करिब ३० प्रतिशत महिलाहरूलाई शुरुमै मानसिक रोगको औषधि खुवाउनु परेको र उनीहरू घरेलु हिंसाबाट पीडित रहेको पाइएको उनले बताइन् ।

साथै परामर्शदाता बोहराले तनावका कारण मानसिक रोग लाग्ने भएकाले तनाव व्यवस्थापनका लागी दिएका सुझाव यस्ता छन्स

- मन मिल्ने व्यक्तिसँग मनको कुरा पोख्ने ।
- हिँडडुल गर्ने, प्राकृतिक वातावरण लाई अवलोकन गर्ने ।
- नियमित शारीरिक व्यायाम गर्ने ।
- नुहाउने ।
- ध्यान गर्ने, प्राथना गर्ने ।
- आफूलाई मन पर्ने गीत संगित सुन्ने ।
- आफ्नो भावना बारे कविता, गजल, दैनिकी तथा लेख लेख्ने ।
- टाढा बसेका साथी वा नातेदारसँग फोनमा कुरा गर्ने ।
- ज्ञानबर्धक पुस्तकहरू पढ्ने ।
- धार्मिक तथा सामाजिक कृया कलापकमा सहभागी हुने ।
- आफूले गरेका क्रियाकलाप तथा कामहरूका लागि आफूले आफैलाई धन्यवाद दिने ।
- दैनिक केही न केही सकारात्मक काम गर्ने कोशिस गर्ने ।
- मनोरन्जनात्मक कार्यमा सहभागी हुने ।
- पुराना रुढिवादी कुरा जुन वर्तमानमा झुटा साबित भएका छन्, तिनमा विश्वास नगर्ने ।
- हरेक काममा खुशी हुने, । सन्तुष्ट र खुशी बन्न सिक्ने ।
- जीवनका रमाईला क्षणहरू याद गर्ने ।
- काम गराईमा सन्तुलन कायम गर्ने ।
- आफ्नो मनलाई बशमा राख्ने ।

यति गर्दा पनि तनाव व्यवस्थापन गर्न नसकेमा मनोबिमर्शकर्ताको सहयोग लिने । (पत्रकार चौधरी थारु र नेपाली भाषाको डिजिटल पत्रिका केर्नी न्यूज डटकम संचालन गर्नुहुन्छ ।)

# कोरोना संक्रमितको जिल्लागत विवरण

विराटनगर । नेपालमा कोरोना संक्रमणको संख्या १८ हजार ४ सय ८३ पुगेको छ ।

३२ जिल्लाहरुमा २ सय वा सोभन्दा बढी संक्रमित भेटिएका छन् । सबैभन्दा बढी संक्रमित भेटिने सूचीमा रौतहट अग्रस्थानमा रहेको छ ।

त्यसैगरी १६ वटा जिल्लामा करीब २ सय जनाभन्दा कम संक्रमित पुष्टि भएका छन् भने २९ जिल्लामा ५० भन्दा कम संक्रमित रहेका छन् ।

दुई सय भन्दा माथि कोरोना भएका जिल्ला

रौतहट - १५०९, कैलाली - ९९३, दैलेख - ९००, महोत्तरी - ७९७, कपिलवस्तु - ७७१, सर्लाही - ७६५, दाङ - ६८४, पाल्पा - ५६८, अछाम - ६४८, धनुषा - ६४१, डोटी - ६५७, बाजुरा - ६१६, सुर्खेत - ५६२, कञ्चनपुर - ५१३, बाँके - ४०९, सप्तरी - ४१३, गुल्मी - ३६८, अर्घाखाँची - ३४२, प्युठान - ३३५, रुपन्देही - ३४३, नवलपरासी पूर्व - ३३२, झापा - ३४३, डडेल्धुरा - ३०३, बैतडी - २७९, सल्यान - २६१, काठमाडौं - २७७, सिरहा - २४४, पर्सा - २५०, बागलुङ - २३४, बर्दिया - २२५, स्याङजा - २२०, मोरङ - २२६ रहेका छन् ।

त्यसैगरी ५० देखि २ सय संक्रमित भेटिएका जिल्ला

बारा - १८८, बझाङ - १७९, तनहुँ - १७७ , धादिङ - १३८, नवलपरासी पश्चिम - १२६, सुनसरी - १२८, गोरखा - १२१, चितवन - १२२, लमजुङ - १०९, कास्की - ११०, पर्वत - १००, उदयपुर - ९१, ललितपुर - ८३, रोल्पा - ७०, कालिकोट - ७३, सिन्धुपाल्चोक - ६५ रहेका छन् ।

कोरोना संक्रमण १ देखि ५० जना संक्रमित भेटिएका जिल्लाहरुमा

जुम्ला - ४८, भक्तपुर - ४९, म्याग्दी - ४६, मकवानपुर - ४२, रुकुम पश्चिम - ३८, रामेछाप - ३७, इलाम - ३०, नुवाकोट - ३२, ओखलढुंगा - २२, काभ्रेपलाञ्चोक - २१, सिन्धुली - २१, दार्चुला - २०, जाजरकोट - २६, ताप्लेजुङ - १५, खोटाङ - १५, धनकुटा - १५, रुकुम पूर्व - १२, रसुवा - ११, दोलखा - १०, मुगु - १०, तेह्रथुम - ७, पाँचथर - ७, संखुवासभा - ६ , सोलुखुम्बु - ६, भोजपुर - ६, डोल्पा - ५, हुम्ला - ४, मुस्ताङ - १ मनाङ - १ रहेका छन् ।




## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# रामको जन्म भूमिको खोजी कहिले सम्म ?

राम जन्म भूमि नेपालका बारा जिल्लाको ठोरीमका भएको र रानम नेपाली भएको प्रधान मन्त्री केपी शर्मा ओलीको भनाईले नेपाल र भारतको राजनीति समेतथ तरंगीत भएको अवस्था छ । इतिहासको पन्ना पल्टाउँदा भगवान मर्यादा पुरुषोत्त रामको जन्म भूमि भारतको अयोध्यामा रहेको प्रष्ट उल्लेख छ । भगवान राम आफ्नो अनुज सहित शिक्षा लिन गुरु बालमिकीको आश्रमा रहेको वेला नेपालको जनकपुर धामको राजा जनकको छोरी सिताको विवाह शिव धनुष उठाउने संग विवाह गरी दिने अठोठका कारण जनकपुरमा राजाहरुको सभा गरी सो धनुष रामले उचालेपछि धनुष तीन टुक्रा भएको थियो । त्यसै वखत सिताको विवाह रामसंग भएको थियो भन्ने रामायणमा उल्लेख छ तर सो विषयलाई विषायन्तर प्रधान मन्त्री केपी शर्मा ओलीले के कुन तथ्यको आधारमा रामको जन्म भूमि भारतले नक्कली अयोध्या खडा गरी बनाएको आरोप लगाएका थिए । यदि भरतको अयोध्या नक्कली हो भने प्रधान मन्त्री ओलीले आम नागरिक  समक्ष प्रमाण देखाउनु पर्छ ।

प्रधानमन्त्री जस्तो गरिमामय पदमा बसी जथाभावी वोल्नु भनेको आफ्नै अपमान गर्नु हो । अहिले प्रधानमन्त्रीको तथाकथित, कल्पनिक, विना प्रमाणको बोलिले भारत-नेपालको सामाजिक संस्कृति सम्वन्धलाई खलबल्याउने कुनै अधिकार छैन । हिन्दु धर्मावलम्बीहरुको आस्था रहेको रामायण कालीण भगवान रामको विषयमा बोल्नु भनेको हिन्दु धर्ममाथि कै प्रहार हो । ओलीको एउटा मार्मिक भनाई थियो । भारतले खडा गरेको अयोध्यावाट नेपालको जनकपुर धेरै टाढा भएको त्यतीवेला कुनै किसिमका यातायातको साधन, संचारका साधन समेत नरहेकोले त्यति टाढावाट आउँनै सक्दैन भन्ने मात्र आधारमा रामको जन्न नेपालको बारा जिल्ला अयोध्यानगरको ठारीमा रहेको भन्ने ओलीले प्रमाति गर्छ भने आम नेपाली भनेको श्रीलंका टापूपनि सुनसरीको कोशी छेउमा रहेकोले रावनको बंशपनि नेपालमै भएको हस्यास्पद तर्क मात्र हुने छ ।

त्यससैले प्रधानमन्त्री जस्ता गरिमामय पदमा रहेर उखान टुक्का जस्तो कुरा गरेर आफूलाई प्रधानमन्त्री भन्दा पनि हास्यकलाकारको रुपमा प्रस्तुत गर्नु कदापी पनि आमनागरिकमा राम्रो संदेश जादैन तसर्थ जनताको अगाडी जस्ती सक्दो चाडो प्रमाण देखाउनु पर्दछ वा गल्ती भएको स्वीकार गर्न जरुरी छ ।

# बेचिएका र बन्धकमा परेका बालबालिकाको अवस्था

**राकेश प्रसाद चौधरी**

कोभिड-१९ सँग जोगिन शुरू गरिएको लकडाउनले करकाप, लोभलालच, पैसाकै लागि भारतीय बजारमा निकृष्ट श्रममा गएका एवं पठाइएका बालकहरू स्वदेश फर्किन थालेका छन् ।

सडक संजाल र सीमानाका बन्द नहुँन्जेलसम्म प्रदेश २ को विभिन्न जिल्लाबाट भारतीय बजारमा निकृष्ट श्रम गराउने गिरोह सक्रिय थिए । अहिले कोभिड१९ बाट जोगिन बन्धकमा रहेका, बेचिएका र ठगिएका बालकहरू पनि घर फिर्ती हुन थालेका छन् ।

निकृष्ट श्रममा लगाउनेहरूको कारोबार ठप्प भएको र भाइरसले ज्यान समेत लिन थालेपछि दिल्ली, मुम्बई, चेन्नईसहितका शहरमा रहेका बालकहरू पैदल नै स्वदेश फिर्ती गर्दा कसैले रोकेनन् ।

विद्यालयमा अध्ययनरत रहेकै बेला तस्कर गिरोहको नजरमा परेका यी बालकहरू भारतीय बजारमा पुऱ्याउन उनका अभिभावकलाई शुरूमै १० हजार भारतीय रूपैयासम्म दिने गरेका थिए । लकडाउनको बेला १२ बर्ष जलेश्वरकै गोपाल पासवानको छोरा मुम्बईबाट घर फर्के ।

विद्यालयमा पढाई गरिरहेका ती बालकलाई उनका अभिभावकले प्रलोभनमा परेर मुम्बई पठाएका थिए । मुम्बईमा ती बालक बन्धकमा परेर निकृष्ट श्रम गर्दै जवान भइसके । लकडाउन नभएको भए आफ्नो अभिभावक हेर्ने सपना अधुरै रहने ती युवाले बताए ।

अहिले प्रदेश २ को हरेक गाउँको दलित बस्तीहरूमा यस्तै कथाहरू छन् । विपन्नता हटाउन छोरालाई पैसा कमाउन जानी जानी ती तस्कर गिरोहको जिम्मा लगाएका अभिभावकहरूको चेत बल्ल खुलेको अधिकारकर्मी प्रमोद सदाले बताए ।

पैसा कमाउन शुरूमै पाँच दश हजार भारतीय रूपैया लिएर तस्करको जिम्मा लगाएका अभिभावकमध्ये केहीले दुई तीन बर्षपछि प्रहरी चौकीहरूमा दिल्ली, मुम्बईलगायतका शहरमा आफ्नो छोरा बन्धक रहेको तथा बेचिएका गुनाँसाहरू गर्ने गरेका थिए ।

प्रदेश नम्बर २ का विभिन्न जिल्लाका बालकहरूलाई भारतबाट उद्धार गर्ने कम लकडाउन अगाडिसम्म विभिन्न संस्थाहरूले जारी नै राखेका थिए । अधिकारकर्मी गुन्जा रायले भारतमा तस्करी भएका बालकहरूको तथ्यांक र कतिजना उद्धार भए भन्ने तथ्यांक पाउन नै ग्राहो रहेको बताए ।

लकडाउनको बेला भारतीय निकृष्ट श्रमबजार कोभिड१९बाट जोगिन स्वेदश फर्केकाहरूको यकिन तथ्यांक कुनै निकायसँग छैन । जसरी ती बालकहरू तस्करी भएर भारतीय बजारमा पुगेका थिए, त्यसरी नै ती बालकहरू रातको अध्याँरोमा सीमानाकाबाट लुकेर घर फर्केका मानवअधिकारकर्मी मदन झाले बताए ।

उनले प्रदेश २ मा भारतबाट कति संख्यामा मानिस नेपाल आए भन्ने तथ्यांक नै नरहेको समयमा बालश्रमिकहरू कति स्वेदश फर्के भन्ने खोज्नु बहुत कठिन कार्य रहेको बताए ।

अभिभावकबाट ठगेर तस्करी गरि प्रदेश नम्बर २ बाट बर्षभरिमा ८ देखि १६ बर्ष समूहका बालकहरूको तथ्यांकको खोजी गर्ने कार्य अझैसम्म हुन सकेको छैन । यस प्रदेशका बालकहरूमा समेत विद्यालय र कक्षा छोड्ने प्रबृति रहेपनि यसतर्फ सरकारको ध्यान जान सकेको छैन ।

सिरहाका पत्रकार रामभरोसी महतोले दलित समूदायबाट धेरै बालकहरू विद्यालय छोडेर भारतको निकृष्ट श्रमबजारमा जाने गरेकोमा चित्त दुखाउँछन् । उनले यस समस्याको समाधानमा राज्यपक्ष संवेदनशिल नरहेको टिप्पणी गर्छन् ।

मानवअधिकार आयोगकी सदस्य मोहन अंसारीले बालकहरूको उद्धार तथा बालपन रक्षाको विषय लागि लामो समयदेखि उठान गर्दै आएकी छिन् तर समस्या समाधान तर्फ कुनै निकायको अग्रसरता देखिएको छैन ।

यसैबर्षको फरबरी अन्तिम साता मानव बेचबिखन अनुसन्धान ब्युरो, बबरमहलका प्रवक्ता एवं प्रहरी उपरीक्षक गोविन्द थपालिया तथा अन्य अधिकृतहरू कुरा गर्दा समेत बालकको विषयभन्दा भारतमा भइरहेको महिला बेचबिखनको विषयले महत्व पाउने गरेको बताएका थिए ।

बालकहरूको हकमा अभिभावकले पैसाको लोभमा तस्करको जिम्म लगाउने र केही समस्या परे प्रहरीमा बालको उद्धार गरिदिन निवेदन दिने गरेका छन् । बालक जिम्मा लगाउनेबिरूद्ध मानव बेचबिखनको निवेदन तथा जाहेरी अभिभावक पक्षहरू नआउने गरेका विषयले महत्व नपाएको उनीहरूको ठहर थियो ।

मानव बेचबिखन मुद्धामा अनुसन्धान अधिकृतले निरन्तर सुनुवाइको माग गर्न सकिने प्रावधान रहेपनि पीडकहरू पक्राउ नपरेसम्म न्यायिक सुनुवाइमा समेत समस्या आउने विभिन्न अध्ययनले देखाउँछ । मानव बेचबिखनकै विषयमा मानवअधिकार आयोगले समेत प्रतिवेदन निकाल्दै आएको छ ।

सन् २०१९ को अन्तिम तिर झापाको काकडभिट्टा र पर्साको बीरगंज नाकामा सोधपुछमा कडाई हुन थाल्दा प्रदेश २ का बालकहरूलाई तस्करहरूले सिरहा तथा महोत्तरीको नाकाबाट भारत विहारको जयनगर पुऱ्याउने र त्यहाँबाट दिल्ली, मुम्बइ र चेन्नइ पुऱ्याउने गरेको स्थलगत अध्ययनले देखाएको थियो ।

भारतीय सशस्त्र सीमा बल ( एसएसबी) ले सन् २०१८ मा नेपाल भारत सिमानाबाट हुने मानव तस्करी विषयमा गरेको अध्ययनअनुसार दलालले भारतीय सहरमा पुऱ्याउँदा बालबालिकाका लागि ६ हजार तथा महिलाका लागि ५० हजार भारतीय रूपैयाँ कमिसन पाउँछन् ।

दलालहरूलाई खासगरी दलित समुदायका बालबालिकालाई तारो बनाउन सहज भइरहेको देखिन्छ । किनभने दलित समुदायका बालबालिकाको विद्यालयमा पहुँच न्यून छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुरका अनुसार देशभरमा दलित समुदायका २८ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । चिडिमार, मुसहर र डोम समुदायका त एक प्रतिशतभन्दा कम बालबालिका मात्र विद्यालय जान्छन् ।

भारतीय सीमा तथा सहरबाट उद्धार गरिएकामा ५० प्रतिशत १६ वर्षमुनिका हुन्छन् । गत वर्ष एसएसबीले गरेको अध्ययनअनुसार नेपालबाट सिमानाका भएर भारततर्फ मानव तस्करी हुने घटना ५ वर्षमा पाँच गुना बढेको छ ।

एसएसबीले सिमानाकाबाट उद्धार गरिएको आधारमा यो निष्कर्ष निकालेको हो । सन् २०१७ मा ६ सय ७ जनाको उद्धार गरेर बेचबिखनमा संलग्न १ सय ५४ जनामाथि मुद्दा चलाइयो । सन् २०१३ मा १ सय ८ जनाको उद्धार गरिएको थियो र १९ जनाविरूद्ध मुद्दा चलाइएको थियो ।

भारतको सशस्त्र सीमा बल ( एसएसबी) ले आफ्नो वेबसाइटमा राखेको मानव तस्करी नियन्त्रणका लागि राखिएको दृष्टि पुस्तिकामा नेपालबाट बर्सेनि १० देखि १५ हजार महिला तथा बालिका भारतमा बिक्री हुने गरेको तथ्यांक राखिएको छ । जसमध्ये केही महिला तथा बालिकाहरू मध्यपूर्व तथा एसिया प्रशान्त क्षेत्रमा तस्करी हुने गरेको उल्लेख छ । यस पुस्तिकामा बालक तस्करीबारे खासै तथ्यांक उल्लेख छैन ।

मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७६ अनुसार नेपालबाट ठूलो संख्यामा महिला तथा बालबालिका भारतमा बेचिन्छन् । यसमध्ये करिब २६ प्रतिशत प्रभावितहरू (१८ वर्षभन्दा कम उमेरका बालबालिका) यौनशोषणको सिकार हुने गरेका छन् ।

मानवअधिकारकर्मी मदन झाले लकडाउनको मौकामा घर फिर्ती भएका बालकहरूको तथ्यांक संकलन गर्ने उचित समय रहेको बताए । बैध माध्यमबाट आएकाहरूसँग उनीहरू कसरी र के कामका लागि भारत पुगे भनेर जानकारी राख्दा उचित हुन्छ ।

उनले अवैध माध्यमबाट घरसम्म पुगेकाहरूसँग समेत यस्तो सूचना दिने फर्म फराउँदा उचित हुने उनले बताए । हुनतः यो काम वडा कार्यालयले गराउँदा अत्यन्त प्रभावकारी हुने विचार अधिवक्ता विकरू यादवको छ । (मधेश दर्पण फिचर सेवा)

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ ।  भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा  तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।



## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# सहमतीको शेयर सदस्यहरूलाई सहकारी व्यवस्थापन तालिम



विराटनगर । सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेड प्रगती विनायक टोल विराटनगर महानगर पालिका वडा नं. ८ ले शेयर सदस्यहरुलाई एक दिने सहकारी व्यवस्थापन तालिम प्रदान गरेको छ ।

उक्त तालिममा सहभागी शेयर सदस्यहरुलाई सहकारीका जानकार काशी नाथ श्रेष्ठले सहजी करण गरेका थिए । सो तालिममा संस्थाको ऐना भनेको वार्षिक वासलात हुन्छ । वासलातमा पुँजी तथा दायित्वमा शेयर पुँजी, कोष हिसाब, निक्षेप हिसाब र अन्य दायितव र सम्पत्ति तथा जेथा नगद बैक मौजात, लगानी हिसाब, ऋण लगानी र स्थिर सम्पतिको शेयर सदस्यहरुलाई विशेष जानकारी हुनु पर्ने भन्दै त्यसैको वारेमा विषेश छलफल चलाएका थिए ।

सहकारीको मुख्य उदेश्य आफ्ना सदस्यहरुको आवश्यकता परिपुर्ति गर्ने हो । त्यसकोलागि सहकारीले उत्पादन मुलक, सीममूलक र रोजगारी मुलक क्षेत्रमा लगानी गर्नु पर्ने सहकारीलाई सुदृष्ढ वनाउन सम्पूर्ण सदस्यहरुको दायित्व र जिम्मेवारी भएको लगायत विविध विषयमा जानकारी गराएको थिए ।

सो तालिम सहमति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका संचालक समिति, लेखा समिति, ऋण उप-समिति, शिक्षाउप-समिति, ऋण असुली उप-समिति लगायत शेयर सदस्यहरुको उपस्थिति रहको थियो ।

उक्त तालम संचालक समितिका अध्यक्ष अध्यक्ष राजेन्द्र कुमार थापाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# बाढी, पहिरो र चट्याङ : वैशाखयता १८१ को मत्यु

काठमाडौं । वैशाखयता बाढी, पहिरोर चट्याङले मुलुकलाई नर ाम्ररी प्रभावित बनाएको छ । यसपालि मुलुकले ठूलो जनधनको क्षति बेहोरेको छ ।

प्राप्त विवरणअनुसार वैशाख देखि यही साउन ९ गतेसम्मका विपद्मा १८१ जनाले ज्यान गुमाएका छन् भने अझै ५१ बेपत्ता छन् । विपद्मा परेर २७८ घाइते भएका छन् । यसपालि सबैभन्दा बढी पहिर ाले क्षति गरेको छ । पहिराका कार ण मात्रै १२८ जनाले ज्यान गुमाएकाराष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखर ेलले जानकारी दिए ।

वैशाखयता पहिराबाट मात्रै १२८ को मृत्यु भएको छ, ४४ बेपत्ता छन् । यस्तै ११४ जना घाइते छन् । बाढीबाट छ को मृत्यु, सात बेपत्तार तीन घाइते छन् । चट्याङ लागेर ४७ जनाको मृत्यु भएकोर १६१ जना घाइते भएका प्राधिकर णले जनाएको छ ।

मनसुन शुरु भएको समय जेठ ३१बाट साउन ९ गतेसम्म भने पहिराले धेरै मानिसको ज्यान लियो । त्यसपछि चट्याङले बढी मानवीय क्षति भएको छ । सो अवधिमा बाढी, पहिरार चट्याङका कारण १४१ जनाको मृत्यु भएकामा पहिराले मात्रै १२६ जनाको ज्यान लियो । बेपत्ता भएका ५१ मध्ये ४४ जना पहिरामै परेका पोखरेलले जानकारी दिनुभयो । बेपत्ताको अहिले पनि खोजी जारी छ ।

उक्त अवधिमा पहिरामा परेर ११३ जना घाइते भएका प्राधिकर णले जनाएको छ । यस्तै बाढीका कारण तीन जनाको मृत्यु भएको छ भने छ जना बेपत्ता छन् । चट्याङ परेर १७ जनाले ज्यान गुमाए भने ४२ घाइते भएको प्राधिकरणले जनाएको छ । पछिल्लो १० वर्षमै मनसुन पछिको उक्त अवधिमा सबैभन्दा बढी पहिराको क्षति भएको पोखरेलले जानकारी दिए ।

यसपालि भेल पहिराले नसोचेको ठाउँमा ठूलो क्षति बनाएकाले त्यस्ता जोखिम ठाउँमा बस्दा वर्षाका बेला सचेत हुनुपर्ने देखिएको उनले बताए ।

मनसुन शुरु भएकै दिन पर्वतमा जेठ ३१ गते नौजना भेल पहिरामा परेर बिते । त्यसपछि पाल्पा, बझाङ, जाजरकोट, कास्की, सिन्धुपाल्चोक, गुल्मी, लमजुङर म्याग्दीमा ठूला पहिरो खसेर धनजनको ठूलो क्षति भएको हो । यसपालि गत असार २५ देखि २९ सम्मर साउन ४ देखि ६ गतेसम्म मुलुकका विभिन्न स्थानमा भारी वर्षा भएको थियो ।

सरकारले विपद्को परेका घाइतेको निःशुल्क उपचार गर्ने निर्णय गरिसकेको छ । यस्तै विपद्मा मृत्यु भएका व्यक्तिका परिवारलाई रु दुई लाख दिनेर एकै परिवारका अन्य व्यक्तिको पनि मृत्यु भएमा प्रतिव्यक्ति थप रु एक लाखका दरले दिने निर्णय गरिसकेको छ ।राहत तथा आवास व्यवस्थापनलाई अहिले सरकारले तीव्र रुपमा अघि बढाएको गृहमन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कहाँ के भयो ?

पछिल्लो २४ घण्टामा मुलुकमा विपद्का २२ घटना भएका छन् । ती घटनामा परेर एकको मृत्यु, दुई बेपत्तार तीनजना घाइते भएका छन् । प्राप्त विवरणअनुसार नुवाकोटको बेलकोटगढी नगर पालिका-८ मारहेको एक कच्ची घर वर्षाका कारण भत्किन गई त्यसमा च्यापिएर एक जनाको मृत्यु भएको छ । सोही नगरपालिका-५ दुईपीपल माझगाउँमा पहिराले पाँच घर पुरि ँदा केही पशुचौपाया पुरिएका प्राधिकरणले जनाएको छ ।

दार्चुलाको महाकाली नगर पालिका-३ बडाली गाउँमा घरबाट बजार आउने क्रममा पहिरामा पर ेका दुई बालबालिकामध्ये एकजना घाइते अवस्थामा उद्धार गरिएको छ भने एकजना हराइरहेका छन् ।

यस्तै गोरखाको तिसेङखोलामा पानीको बहाव एक्कासि बढ्न गई एक जनालाई बगाएर बेपत्ता बनाएको जनाइएको छ । उदयपुर, महोत्तरी, बर्दिया, पाल्पा,रोल्पा, नवलपरासी,रौतहट, हुम्लार कञ्चनपुरमा पनि विपद्का घटना भएको जनाइएको छ । ठाउँठाउँमा पहिरोर बाढीले राजमार्ग अवरुद्ध रहेकाले कतिपय सञ्चालनमा आएकोर कतिपय सञ्चालनका क्रममारहेको जनाइएको छ । रासस




# कोइरालाको रिहाई प्रति सांसदहरूको विरोध

विराटनर । प्रदेश नं. १ का सांसदहरुले सशस्त्र प्रहरीका पूर्व डिआईजी रञ्जन कोइराला रिहाइ गरेको प्रति बिरोध जनाएका छन् ।

संसद बैठकमा सांसदहरूले श्रीमती मार्नेलाई सर्वोच्च अदालतले छुटकारा दिएको भन्दै बिरोध गरेका हुन् । संसदको शून्य समयमा बोल्दै सांसद अम्बिका भण्डारीले अदालतले नै हत्यारालाई छाड्न थालेको आरोप लगाएका थिए ।

न्याय मरेको भन्दै अदालतले नै हत्यारालाई छुटकार दिए न्याय खोज्न कहाँ जाने भन्दै प्रश्न समेत गरेका थिए । सांसद कुसुम श्रेष्ठले हत्यारालाई छाड्ने अदालतको फैसलाको बिरोध गर्दै अपराधी छाड्ने अदालतको निर्णयले न्यायमूर्ति माथि अविश्वास बढ्ने बताएका थिए ।

त्यसैगरी प्रदेश १ का सांसदहरुले दश वटा विधेयक पारित गर्दै प्रदेशसभाको छैटौं तथा बजेट अधिवेशन समाप्त भएका छ । बैठकमा प्रदेश प्रमुखको पत्र पढेर सुनाउँदै बजेट अधिवेसन समाप्त हुने प्रदेशसभाका सभामुख प्रदीप कुमार भण्डारीले जानकारी दिनु भएको थियो ।

# पिसिआर मेसिन हस्तान्तरण

विराटनगर । प्रदेश १ सरकारलाई स्वीस सरकारले दुईवटा अत्याधुनिक पीसीआर मेसिन हस्तान्तरण गरेको छ ।

प्रदेश १ का मुख्यमन्त्री शेरधन राई, सामाजिक विकास मन्त्री जीवन घिमिरे, सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरलाई करिव ९० लाख बराबरको आरटी पीसीआर मेसिन स्वीस सरकारका कार्यक्रम विशेषज्ञ अमन जोन्छेले हस्तान्तरण गर्नुभएको थियो ।

मेसिन ग्रहण गर्दै मुख्यमन्त्री राईले दुईवटा मेसिन मध्ये एउटा मेची अस्पताल र एउटा प्रदेश प्रयोगशाला विराटनगरमा जडान गरिने वताए । पीसीआर मेसिन थपिएसँगै समुदाय स्तरमा कोरोना परीक्षण गर्न सहज हुने मुख्यमन्त्रीको कुझाई छ । प्रदेश १ लाई छिट्टै ग्रिन जोनमा लैजाने प्रतिबद्धता गर्दै कोरोना नियन्त्रणमा आएर सरकारले लकडाउन अन्त्य नगरेकाले अझैपनि सावधानी अपनाउन आवश्यक रहेको वताउनु भयो ।

स्वीस सरकारका प्रदेश १ सरकारलाई हस्तान्तरण गरिएको पीसीआर मेसिनले प्रतिघण्टा ९६ वटा नमूना संकलन गर्न सक्ने क्षमता रहको छ । प्रदेश सरकारलाई यसअघि तिब्बत सरकारले पनि २ वटा पीसीआर मेसिन प्रदान गरि सकेको छ ।

**विक्रेता वर्गमा अनुरोध:**

१. सम्बन्धित निकायमा दर्ता गरी अनुमति लिएर मात्र कुनैपनि व्यापारिक कारोबारहरु शुरुवात गरौं ।
२. कारोबार स्थलमा सबैले देख्नेगरी दर्ता प्रमाणपत्र, अनुमितपत्र, साइनवोर्ड र मूल्यसूची अनिवार्यरुपमा राखौं ।
३. वस्तुको खरिद बिल सुरक्षित राखौं र बिक्रि गर्दा बिलविजक अनिवार्यरुपमा जारी गरौं ।
४. म्याद नाघेका र टुटफुट भएका उपभोग्य वस्तुहरु छुट्टाछुट्टै ठाउँ (Expiry Zone) मा राख्ने गरौं । समयसमयमा यस्ता वस्तुहरु वितरक वा उत्पादकसमक्ष फिर्ता गर्ने पद्धति बसालौं ।
५. उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, उत्पादक, तौल, मूल्य (MRP) प्रष्ट देखिने लेबल भएका वस्तुहरुमात्र बिक्रि वितरण गरौं ।
६. बजार अनुगमन वा गुनासोको आधारमा हुने निरीक्षणका बखत उल्लेखित विषयहरु पालना नगरेको र लापरवाहिपूर्ण क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारबाहि हुने व्यहोरा सूचित गरिन्छ ।

"जिम्मेवार व्यवसायि बनौं, उपभोक्ताप्रतिको दायित्व निर्वाह गरौं ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

बेटा बेटी दोनो बराबर है । तै स बेटा बेटीमे भेदभाव नै कैरके दोके स्कुल भेजु ।

# जसले नयाँ जीवन पाए

कालीमैया चौधरी (उन्नती)

कैलाली । संगै मर्ने र संगै जिउने कसम खाएका श्रीमान्ले हरेक काम कुरामा खोट देखाउदै चोट दिन थाले । आमा समान मानेकी सासूको विनासित्तिको टोकसोको त झन् के कुरा गर्नु र !

पहाडको ठाउँ, पाखुरा नबजाएर पेट पाल्न मुस्किल । टाढाटाढा पुगेर खेतबारी, बस्तुभाउ र दाउरा घाँस गर्नै पर्ने । त्यसैमाथी दिनभरी थाकेको शरीरले सधैंजसो श्रीमान् र सासूको कुटाई सहनु परेपछि अन्ततः अछामको तुर्माखाद गाउँपालिकाकी उनको मानसिक सन्तुलन नै गुम्यो ।

उनी एकोहोरो टोलाइरहने, बर्बराउने, आत्महत्या गर्न खोज्ने, डराउने, रुने, कराउने, काप्ने गर्न थालिन् । बिहे गर्दा सामान्य अवस्थाकी उनमा दिनदिनै यी समस्या बढ्दै जादा परिवारको माया र स्नेह भने झन्झन् कम हुँदै गयो ।

उनमा यस्तो समस्या आउनुको कारण खोतल्दा भनिन्, 'आफ्नाइ बैकानले हेला गऱ्यापछि अरुले पन हेप्न्या रैछन् । क्या भयोभयो, मेरै दशा खराब (आफ्नै श्रीमान्ले हेप्यो भने अरुले पनि हेप्ने रहेछन् । के भयोभयो, मेरै भाग्य खराब) । उनले श्रीमान् र परिवारको निरन्तरको कुटाई र हेपाईले आफ्नो यो हालत भएको उनले बताइन् ।

मरिमरी काम गर्दा, के राम्रो के नराम्रो, के गर्ने के नगर्ने छुट्टाउन सक्ने स्वस्थ अवस्थामा त श्रीमान्को घरमा रुचाइनन्, मानसिक सन्तुलन बिग्रेपछि त झन् कस्ले रुचाउनु र ? आज सुध्रिएलान्, भोलि सुध्रिएलान् भनिएका व्यवहारहरू झन्झन् क्रूर हुँदै गए । श्रीमान्को घर उनका लागि नर्क समान हुन थाल्यो । उनको यस्तो मानसिक अवस्थाका कारण श्रीमान्को घरमा उनीमाथि असुरक्षा देखेपछि छिमेकी स्वयम्सेविकाले गत भदौ महिनामा उनलाई जिल्ला सदरमुकाम मंगलसेनमा रहेको माइती जाने सल्लाह दिइन् ।

छोरीको अवस्था बारे माइतीलाई थाहा रहेनछ । उनलाई देखेर माइती निकै दुःखी भए । देउताका कारण यस्तो भएको अड्कल काटियो । उनको अवस्था सुधारका लागि आफूले जानेबुझेका धामीझाँक्रीकोमा लगियो । तन्त्रमन्त्र, झारफुक केही बाँकी राखिएन । तर पनि उनी पहिलाको अवस्थामा फर्किन सकिनन् । एकोहोरो टोलाइरहने, बर्बराउने, आत्महत्या गर्न खोज्ने, रुने, कराउने, काप्ने गर्न छाडिनन् ।

धामीझाँक्रीको पछि लाग्दा उनलाई निको हुने कुनै लक्षण देखिएन । माइती पक्ष पनि निरास हुँदै थिए । एक जना अधिकारकर्मीले उनका आमाबुबालाई मानसिक समस्या भएको हुन सक्ने र त्यसका लागि सदरमुकाममा रहेको सुरक्षित गृह (सेफ हाउस) ले उपचारमा सहयोग गर्ने गरेको बताइन् । उनी अधिकारकर्मीको सहयोगमा सेफ हाउस पुगिन् । उनको अवस्था र लक्षण देखेर सेफ हाउसकी परामर्शदाता पार्वती बोहराले उनलाई देउता लागेको नभई, मानसिक रोगको उपचारको खाँचो रहेको राय सुझाव दिइन् । र सेफ हाउसकै पहलमा जिल्लाको न्याय हेल्थ अस्पताल बयलपाटा पुऱ्याएर उपचार थालेपछि बल्ल आफू निन्द्राबाट बिउझिए झैँ भएको उनले बताइन् ।

'त्यो पीडा त सुनाएर साध्य छैन मिस । कति कुटाई खाएँ, कति गाली पाएँ, भनेर केही फाइदा छैन । मेरो जस्तो दुःख शत्रुलाई पनि नहोस्' उनको विगत कोट्याउदा गला अवरुद्ध पार्दै उनले सुनाइन्, 'बाचिन्छ भन्ने लागेकै थिएन । सेफ हाउस भगवान बनेर आएछ ।' अहिले आफूलाई सञ्चो भएको पाउँदा निकै खुशी लागेको उनले बताइन् ।

सेफ हाउसको सहयोगमा उनलाई नियमित औषधि र परामर्श शुरु गरेपछि सञ्चो भएको र उनी औधी खुशी भएको परामर्शदाता पार्वती बोहराले बताइन् ।

अछामको मंगलसेन नगर पालिकाबाट जिल्लाकै तुर्माखाँद गाउँपालिकामा प्रेम विवाह गरेकी २३ वर्षीया उनले नागरिकता र विवाह दर्ता गर्न माग गरेपछि श्रीमान् र सासूको यातना शुरु भएको स्मरण गरिन् । त्यही कुरालाई लिएर बढेको चोटले आफूलाई पूर्ण रुपमा मानसिक रोगी बनाएको उनले बताइन् ।

उनी यतिखेर शारीरिक र मानसिक रुपमा पूर्ण स्वस्थ छिन् । नियमित औषधि सेवनका कारण अवस्था सुधार हुँदै गएको छ । उनको अवस्था राम्रो हुँदै गएको थाहा पाएपछि विगतमा अपमान गर्ने ससुरा उनलाई घर फर्किन भन्दै उनको माइती पुगे । आफूहरूबाट गल्ती भएको र आफूहरूकै टोकसोले गर्दा उनलाई देउता नभई रोग लागेको स्वीकार गर्दै उपचार गरेर सामान्य अवस्थामा ल्याइदिने सेफ हाउसलाई धन्यवाद दिए ।

गाउँघरमा धामीझाँक्रीको काम गर्दै आएका उनका ससुराले उनी, उनका माइती र सेफ हाउससंग अबदेखि गल्ती नदोहोरिने प्रतिवद्धता गरे । उनले सेफ हाउसबाटै आफूसंग डेढ वर्षदेखि सम्पर्कमा नरहेका श्रीमान्लाई भारतमा फोन गरिन् । उनले पनि गल्ती स्वीकारे । र चाँडै घर फर्किने बताए । माइतीको पहलमा सेफ हाउसले तीन महिनाको औषधि दिएर चैत्र महिनामा उनको विदाई गऱ्यो ।

उनी आफ्नो र नाबालक छोरीको हेरचाह आफै गर्न सक्ने र सहजै भन्न बोल्न सक्ने भएकी छन् । सेफ हाउसकी परामर्शदाता बोहराले भनिन्, 'केही समस्या भयो, तलमाथि भयो भने सिधै मलाई फोन गर्न भनेकी छु । अहिले ठिकै छ होला ।'

मंगलसेन नगरपालिकाकै एक महिलाले पनि मदिरा सेवन गरेर दिनहुँ कुट्ने श्रीमान्बाट कुनै दिन मुक्ति पाइएला भन्ने सोचेकै थिइनन् । २०५५ सालमा १५ वर्षको उमेरमा चिनजानकै व्यक्तिसंग बिबाह भएपछि चार छोरी जन्माएकी उनले छोरा नजन्माएको निहुँमा त कति हेला सहनु पऱ्यो पऱ्यो।

श्रीमान् केही काम नगर्ने । श्रीमतीले मजदूरी गरी कमाएको दुई चार सय रुपैयाँ पनि रक्सीमा उडाउने र सधैं श्रीमती कुट्ने । छोरीहरूमाथिको टोकसो पनि उस्तै । गरिवी र अभावसंगै श्रीमान्को यातना पनि कम नभएपछि उनले श्रीमान्संग छुट्टिएर छोरीसंगै अलग बस्न थालिन् । अहिले उनी श्रीमान्संग छुट्टिएको र उनको शरीरले चोटबाट मुक्ति पाएको सात वर्ष भो ।

'ती दिन सम्झिदा अहिले पनि दिमागले काम गर्दैन' उनले भनिन्, 'दारुको मात चढेपछि सबै रिस मेरैमाथि पोख्थे । हुँदै नभएका आरोप लगाउँथे । मरौं कि बाँचौं हुन्थ्यो !

उनी छुट्टै बस्न थालेपछि श्रीमान्ले दोस्रो विवाह गरेर भारत हिँडे । त्यसपछि चार छोरी र उनको जीवनमा झन् धेरै दुःखका दिन आए । खाने, लाउने र छोरी पढाउने बारे जहिल्यै अभाव भइरहन्थ्यो । दिनभरी मजदूरी गरेको पैसाले पुग्ने कुरै भएन । त्यो बेला कयौं दिन भोकै बसिन् उनी ।

एकातिर छोरी पाल्ने, पढाउने चिन्ता, अर्कोतिर गरिवी । अति गरिवीसंग जुध्दै सबै भूमिका एकल रुपमा निर्वाह गर्नु परेपछि उनलाई विगतको पीडा झन् बल्झिन थाल्यो । उनले आफूलाई सम्हाल्न सकिनन् । आफू मानसिक रुपमा पनि ठिक नभएको महसूस गर्न थालिन् । तर सामाजिक वहिष्करणको डरले लामो समय आफ्नो समस्या खोल्न सकेकी थिइनन् । मनको पीडा कहाँ पोखौं भन्ने कुरा उनको मनमै खेलिरहन्थ्यो । यहीँ बीचमा अरुको सहयोगले मंगलसेनमा रहेको सेफ हाउसमा पुगेकी उनको अवस्था अहिले विगत जस्तो छैन ।

सेफ हाउसले उनको मानसिक अवस्था बुझेर मनोसामाजिक सेवा दियो । औषधिपोचार र पराशर्म शुरु गरेपछि उनी पहिलेकै अवस्थामा फर्किइन् । यतिबेला उनी उपचारसंगै सेफ हाउसमार्फत उपलब्ध गराइएका बाख्रा पालन गरेर छोरी पढाउने र घरको सबै खर्च आफै धान्ने भएकी छन् । अब भने उनलाई न त विगतमा रक्सी खाएर दिनरात कुटपिट गर्ने श्रीमान्को बारेमा सोचेर पीडा हुन्छ, न त सानोतिनो घर खर्चको । आफू सञ्चो भएपछि छोरीहरूसंग सन्तोषको सास फेरिरहेको उनले बताइन् ।

अछामको साँफेबगर नगर पालिकाकी एक महिलाले पनि लामो समय झेल्नु परेको घरेलु हिंसाबाट मुक्ति पाएकी छन् ।

१४ वर्षको उमेरमा कञ्चनपुर विवाह गरेकी बिमलाका श्रीमान्ले दोस्रो विवाह गरेपछि सुरु भएका दुःखका दिन उनको सेफ हाउसको यात्रासंगै टुंगिएका छन् ।

श्रीमान्ले सौता भित्र्याएपछि उनलाई हेला र कुटपिट गर्न थाले । श्रीमान् नै आफ्नो नभएपछि अरुले राम्रो गर्ने कुरै भएन । एकातिर श्रीमान्, अर्कोतिर सौताको दुर्व्यवहारले उनलाई घरमा बस्ने अवस्था भएन । अन्ततः उनी माइती पुगिन् । तर त्यतिबेलासम्म उनको मानसिक अवस्था अस्वस्थ भइसकेको थियो । तर मानसिक रोगको उपचार हुन्छ भन्ने नबुझेको समाजमा उनले आफ्नो पीडा लुकाउदै गइन् । अरुले थाहा पाए सडकमा पठाउछन् भन्ने डरले कसैलाई भनिन् ।

यही बिचमा उनी सेफ हाउसको सम्पर्कमा पुगिन् । त्यहाँ उनलाई लामो समयसम्म परामर्श र औषधिपोचार गरियो । विगतको पीडा भुलाउन सिलाई कटाईको तालिम दिइयो ।

अहिले बिमला विगत जस्तै स्वस्थ छिन् । सिलाईकटाईको काम गर्छिन् । उनको जीवन राम्रैसंग चलेको छ । सेफ हाउसमार्फत पाएको खुशीले उनी दंग छिन् ।

आफ्नैले दिएको पीडाका कारण कुनै बेला आफैलाई यी महिलाहरू त उदाहरणीय पात्र मात्रै हुन् । सेफ हाउसमा पुगेर उनीहरू जस्तै समस्याको गाठो फुकाउँदा पुनर्जीवन पाएका महिलाहरू अछाम जिल्लामा मात्रै एक सय ८४ जना छन् ।

सन् २०१६ देखि हालसम्म संयुक्त राष्ट्रसंघ जनसंख्या कोष (यूएनएफपीए) सुरक्षित गृह (सेफ हाउस) मंगलसेन र एकद्धार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) मार्फत सेफ हाउसमा आएका उनीहरू मध्ये सबैभन्दा बढी मानसिक सन्तुलन गुमाएका महिलाहरू थिए ।

मनोपरामर्शदाता पार्वती बोहरा

बाहिर खुल्न नसकेका उनीहरूको अवस्था लामो समयको परामर्श र औषधिपोचार पछि सुध्रिएको परामर्शदाता पार्वती बोहराले बताइन् । उनीहरू मध्ये कोही परिवारमा त कोही समाजमा पुनःस्थापित भएर सहज र सुखी जीवन बाँचिरहेको सेफ हाउस अछामका परामर्शदाता पार्वती बोहराले जानकारी दिइन् ।

परामर्शदाता बोहराका अनुसार आफ्नै घरभित्र सासू, ससुरा, श्रीमान् लगायतले दिने यातना बढ्दै गएपछि, उचित माया र आफ्नोपन नपाएपछि महिलाहरूमा मनो सामाजिक समस्या उत्पन्न हुन्छ ।

यदि सामान्य व्यक्तिमा असाधारण लक्षणहरू जस्तैस एकोहोरो टोलाइरहने, बर्बराउने, आत्महत्या गर्न खोज्ने, डराउने, रुने, कराउने, काप्ने जस्ता लक्षणहरू दुई हप्तासम्म पनि देखिन छोडेनन् भने मानिस मानसिक रोगी हुन पुग्छ । उनको सुझाव छ, 'यदि आफ्नो चिनजान, नातागोता वा कसैमा यस्ता खालका अस्वाभाविक लक्षणहरू देखिए र बढीमा दुई हप्तासम्म निको भएनन् भने देउता लागेको ठाने, धामीझाँक्रीको भर पर्ने वा अन्य कुरामा विश्वास गरेर समय खेर फाल्नै हुन्न । जति सकिन्छ चाँडो परामर्शदाता र चिकित्सकसंग सल्लाह लिनुपर्छ । र आवश्यकता अनुसार औषधिपोचार गर्नुपर्छ ।

तर अछाममा कुनै व्यक्तिमा यस्ता खालका लक्षण देखिए उसको उपचार गरी सञ्चो बनाउनुको सट्टा पागल भन्दै अपमान र हेला गर्ने र छीछी, दूरदूर गर्ने गरिन्छ ।

परामर्शदाता बोहरा हिंसाको दलदलबाट उम्किन नसकेका, हिंसाविरुद्ध लड्दा लामो समयसम्म न्याय नपाएका, घर समाजबाट बहिष्करणमा परेका, कसैको माया नपाएका, मायामा धोका पाएका महिलाहरूमा मनोसामाजिक समस्या उत्पन्न भई समयमा उपचार नपाउदा मानसिक रोग उत्पन्न हुन्छ । अछाममा महिलाहरूमा यस्तो रोग देखिनुको प्रमुख कारण घरेलु हिंसा नै भएको पाइएको उनको बुझाइ छ ।

सेफ हाउसमा आउने हिंसा

वांकी अन्तिम पेजमा...

## स्वास्थ्य

# हत्केला चिल्लाउने कारण र यसबाट बच्ने उपाय

हत्केला शरिरको संवेदनशील अंगमध्ये एक हो । यो सबै भन्दा बढी प्रयोग वा उपयोगमा आउने अंग हो । त्यसैले हत्केला चिलायो भने यसले हाम्रो दैनिक गतिविधिलाई नै प्रभावित पार्छ। हत्केला चिलाउने समस्यालाई पैसा प्राप्त गर्ने वा गुम्ने परम्परागत मान्यतायसँग पनि जोडिएको पाइन्छ। हत्केला चिलाउनु पैसासँग कुनै साइनो छैन । हत्केला चिलाउनु रोग नभए पनि विभिन्न तत्वहको परिणाम हो वा रोगको संकेत हो ।

छालाको कोषहरु तीब्र बृद्धि भएमा र छालाको सतहमा जम्मा भए पनि हत्केला चिलाउँछ । कहिल्यकाहिँ आफै छाला कन्याउँदा पनि यस्तो समस्या उत्पन्न हुन्छ ।

झिंगाको संक्रममणले पनि यस्तो समस्या ल्याउँछ । झिंगा हत्केलाको माथिल्लो सतहमा बस्दा यो समस्या आउँछ । बढी भिडभाड भएको ठाँउमा झिंगाको संक्रमण हुने गर्छ । विशेष गरी बालबालिका र बृद्धबृद्धा यस्तो संक्रमणबाट प्रभावित हुन्छन् । मधुमेह र छालाको समस्या पनि एक अर्कासँग सम्बन्धित हुन्छन्। तसर्थ अत्यधिक हत्केला चिलाउनु मधुमेहको पनि संकेत हो ।

हत्केला चिलाउनका केही कारण यस प्रकार छन्

खानेकुराको एलर्जी : खानेकुराको एलर्जीले पनि हत्केला चिलाउँछ । कसैकसैलाई कुनै खानाले एलर्जी गरिहाल्छ र त्यसको असर हत्केलामा देखिन्छ। अन्डा, बदाम, दूध र समुद्री खानेकुराले पनि कसैकसैलाई एलर्जी बनाउँछ । यी खाना खानेबित्तिकै कोहीकोहीलाई एलर्जी भइहाल्छ ।

कार्पल टनेल सिन्ड्रोम : (नाडीको हड्डीको नसारुमा भएको चोटपछि हात र औंलामा हुने पीडा) पनि हत्केला चिलाउँछ । शरिरमा मध्यम खालको नसा दबिएमा कार्पेल टनेल सिन्ड्रोम हुन्छ। अध्यधिक लेख्दा, टाइप गर्दा तथा हात र औंलाहरुको बढी प्र्योग हुदा यस्तो अवस्था आउँछ। असन्तुलित



तरिकाले हत्केला चिलाउनु कार्पल टनेल सिन्ड्रोमको संकेत हो ।

औषधी वा शल्यक्तियाको तरिकाले पनि यो सिन्ड्रोमको उपचार गर्न सकिन्छ । एस्पिरिन, आईबुप्रोफिन, कोर्टिकोस्टेरोइड्सले नसाको दबाबलाई शान्त पारी हत्केला चिलाउन रोक्छ । नशालाई दबाब दिने तन्तुलाई शल्यक्रिया गरेर पनि चिलाउने समस्या रोक्न सकिन्छ ।

छालाको समस्या र छालाको समस्याले पनि हत्केला चिलाउँछ । छालासमबन्धि यो रोग लाग्दा औंलाहमा प्रभाव पार्छ । गर्मी र जाँडो मौसममा यसले प्रभाव पार्छ । अधिकांश इसेज्माको उचित उपचार छैन ।

प्राइमेरी बिलियरी सिरोसिस: कलेजोसँग सम्बन्धित समस्याले पनि हत्केला चिलाउन सक्छ । कलेजोमा गम्भीर समस्या नआउँदै हत्केला र खुट्टाको पैतला चिलाउँछ। चिलाउने समय र अवस्था फरक फरक हुन्छ । कहिले अकस्मात हुन्छ भने कहिले दिन वा रातमा मात्र चिलाउँछ। रगत प्रवाह गर्ने प्रणालीमा र विशेष गरी लिभरमा एसिड उत्पन्न (बाइल एसिड) हुँदा हात हत्केला चिलाउँछ। हात चिलाउने समस्या रोक्न एन्टिहिस्टामाइन दिइन्छ ।

कसरी बच्ने ?

हातको राम्रो सरसफाई र विभिन्न प्रकारका लोसन र क्रिमले हत्केला चिल्लो पार्दा धेरै हदसम्म चिलाउने समस्याको समाधान हुन्छ । छालालाई कहिल्यै पनि सुख्खा नराख्ने । चिलायो भन्दै बेस्सरी रगेडेर कन्याउनु हुँदैन् । समस्या गम्भीर भयो भने तत्काल चिकित्सकको सल्लाहमा औषधी प्रयोग गर्नुपर्छ ।

हत्केला चिलाउने समस्याबाट निको पाउन सबैभन्दा पहिला त हात चिलाउनुको कारण बुझ्नु पर्छ। हत्केला चिलाउनुका विभिन्न कारण हुन्छन्। जाडो याममा हुने सुख्खा छाला वा बेस्सरी हात घोटेर धुदा पनि चिलाउने भएकोले ढुंगा वा जालीले हत्केला रगेड्नु हुँदैन ।


## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

# विपद् व्यवस्थापनमा उदासीन सरकार

**कमल सुवेदी**

अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा आएको बाढी, पहिरो र डुबानले १११ जनाले ज्यान गुमाएका छन् भने सयौं बेपता भएका छन् । मनसुन सुरु भएयता विगतको तुलनामा पहिरोले पहिलेको भन्दा धेरै क्षति गराएको अनुमान गरिएको छ । नेपाल विपद् प्रतिवेदन २०१७ ले नेपालको कुल जनसंख्याको झण्डै ८० प्रतिशत प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको उल्लेख गरेको छ ।

विश्वव्यापी रूपमा हेर्ने हो भने पनि नेपाल विपद्को उच्च जोखिममा छ । प्राकृतिक प्रकोपका कारण वर्षेनी सयौं मानिसहरूको मृत्यु हुनुका साथै हजारौं जना बेपत्ता भएका छन् । कैयौं घरबारविहीन भएका छन् । हरेक वर्ष करोडौं मूल्य बराबरको आर्थिक क्षति हुने गरेको छ । तथ्यांकीय हिसाबले सबैकुरा यकिन गर्न गाह्रो भए तापनि समग्रमा प्राकृतिक प्रकोप र विपद्बाट नेपालले हरेक वर्ष ठूलो क्षति व्यहोर्नु परेको छ ।

विपद् व्यवस्थापनको सन्दर्भमा नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ जारी गरेको छ । जोखिमयुक्त बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकाससम्बन्धी कार्यविधि २०७५ निर्माण गरेको छ । त्यसैगरी, मनसुन आपतकालीन कार्ययोजना २०७६ समेत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

प्राकृतिक तथा गैरप्राकृतिक विपद्को क्षति न्यूनीकरणका लागि नेपाल सरकारले केन्द्रीय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिमार्फत विपद् व्यवस्थापनको क्षेत्रमा सरकारी संयन्त्रमार्फत कार्य गर्दै आइरहेको छ ।

सरसर्ती हेर्दा विपद् व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी संयन्त्र परिचालन भएको देखिन्छ । तर नेपालमा वर्षेनी विपद्कै कारण ठूलो धनजनको क्षति भइरहेको छ । यो गम्भीर र चुनौतीको विषय हो । विपद् व्यवस्थापनमा धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले काम गर्दै आएका छन् । यद्यपि, नेपालमा विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका लागि उपलब्धिमूलक काम हुन सकिरहेको छैन । संरचना छ, स्रोत छ तर ती संरचना र स्रोतको प्रभावकारी परिचालन भने हुन सकेको छैन ।

वर्षायाममा तराई बाढी र पहाड पहिरोको जोखिममा छ भन्ने कुरा हामीले विगतको भोगाइबाट सिकेनौं । सरकारले विपद्को पूर्वतयारीमा खासै काम गर्न सकेको छैन । सरकारी काम कहिले जाला घाम भनेजस्तै समय हुदाँ केही नगर्ने जब विपद् आउँछ अनि ब्युँझने नेपालीको बानी नै हो । समयमा सही काम नगर्दा ठूलो भौतिक र मानवीय क्षति भइरहेको छ । राज्य उदासीन हुँदा नागरिकले कष्ट झेल्नु परेको छ । अव्यवस्थित बस्ती विकासले भौतिक तथा मानवीय क्षति अझै बढेको छ ।

वातावरण प्रभाव मूल्यांकनविना पूर्वाधार विकासको नाममा खनिएका पहाडी सडकहरू पहिरोको उच्च जोखिममा छन् । चुरे उत्खननले गर्दा तराई अझै जोखिमा छ । नदीको आयतन फराकिलो हुनु, पानीको सतह माथि आउनुजस्ता कारणले तराई बाढीको उच्च जोखिममा छ ।

नेपालको भौगोलिक बनोट नै संवेदनशील अवस्थामा छ । त्यसमा पनि प्राकृतिक र मानवीय कारणले विपद्को जोखिम बढेको छ । विपद् कुनै सूचना दिएर आउने होइन यो त केवल प्रकृति र मौसममा भरपर्ने कुरा हो । त्यसका लागि पूर्वसूचना प्रणालीको विकास र विस्तार गरी नागरिकलाई जानकारी दिनु आवश्यक छ । जसबाट क्षति कम होस भनेर चनाखो हुनुपर्छ ।

विपद् व्यवस्थापनका लागि सरकारले अन्तर्राष्ट्रिय महासन्धि, कार्ययोजना तथा फ्रेमवर्क कार्यान्वयनमा प्रतिवद्धता जनाएको छ । तर संरचना र कानुनको प्रभावकारी कार्यान्वयन गर्न नसक्दा नेपालले विपद् जोखिम न्यूनीकरणमा सफलता प्राप्त गर्न सकेको देखिँदैन । अरूको भरपर्ने प्रवृतिले गर्दा पनि विपद् जोखिम न्यूनीकरणमा प्रभावकारी काम हुन सकेको छैन ।

स्थानीय सरकारसँग कानुन निर्माण गरी कार्यान्वयन गर्ने अधिकार संविधानले त दिएको छ । तर अधिकांश स्थानीय तहमा विपद् व्यवस्थापनसँग सम्बन्धित कानुन निर्माण अझै भएको छैन । विपद् व्यवस्थापनका लागि नागरिकहरूमा सचेतनाको समेत अभाव छ ।

पूर्वतयारी र जोखिम न्यूनीकरण का लागि स्थानीयस्तरमा स्रोत साधन र जनशक्तिको अभाव छ । नेपालको सन्दर्भमा समुदायमा आधारित विपद् व्यवस्थापन प्रणाली निकै आवश्यक छ । स्थानीय आवश्यकताको आधारमा विपद् व्यवस्थापनका विधि र प्रक्रियाहरू अवलम्बन गर्नु जरुरी छ । विपद् व्यवस्थापनका लागि एकीकृत संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

विपद्सँग सम्बन्धी एकीकृत तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्दै विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र विस्तार गर्दै लैजानुपर्छ । विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि प्रदेश र स्थानीय सरकारमार्फत राहत तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरी राहत वितरणमा दोहोरोपना हटाउन सरकारका तीनै तहमा एकीकृत संयन्त्रको निर्माण गर्नुपर्र्छ । विपद्को समयमा हुने जनधनको क्षति कम गर्न खोज तथा उद्धार कार्यका लागि सबै सुरक्षा निकायलाई तयारी अवस्थामा राख्नुपर्छ । विपद् पश्चात हुने स्वास्थ्य समस्या तथा मानवीय क्षति कम गर्न स्वास्थ्य आपतकाल तथा विपद् व्यवस्थापन इकाइलाई प्र्भावकारी रूपमा संघ, प्रदेश एवं स्थानीय तहसम्म सशक्त रुपमा परिचालन गर्नु जरुरी छ ।

पछिल्लो समय विपद् व्यवस्थापनमा आएको रकमको ठूलो हिस्सा भ्रष्टाचार हुने गरेको सार्वजनिक भएको छ । यसका लागि नागरिकहरूले निगरानी र खबरदारी गर्नु जरुरी छ । अधिकांश राहत र पुनर्स्थापनाका कार्यक्रमहरू अपारदर्शी रूपमा खर्च हुने गरेकाले त्यसलाई एकद्वार प्रणालीमार्फत खर्च गरी पारदर्शी र जवाफदेही हुने संयन्त्रको विकास गर्नुपर्छ ।

विपद् व्यवस्थापनको कार्यमा हुने राजनीतिले पनि विकृति सिर्जना गरेको पाइन्छ । त्यसैले विपद्को समयमा हुने राजनीतिलाई सदाका लागि अन्त्य गर्नुपर्छ । राहतमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्न अनुगमन संयन्त्रको विकास गरी गल्ती गर्नेलाई कडाभन्दा कडा कानुनी कारबाही गरिनुपर्छ ।

विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन हरेक वडास्तरमा इर्मेजेन्सी रेस्पोन्स टिम तयार गर्नुपर्छ । त्यसका लागि युवाहरूलाई उद्धार तथा राहत कार्यमा परिचालन गर्न विशेष तालिमको व्यवस्था गर्नुपर्र्छ । समुदायमा आधारित विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सबै सरोकारवाला निकायलाई समेटेर विपद् व्यवस्थापन समिति निर्माण गरी परिचालन गर्नुपर्छ । जसले समुदायमै तत्काल उद्धार र राहतको काम गर्न सक्छ ।

विपद् व्यवस्थापनको अन्तर्राष्ट्रिय स्तरमा भएका राम्रा अनुभवहरूलाई हामीले आत्मसाथ गर्नु जरुरी छ । विपद् जोखिमका दृष्टिले विश्वको अतिसंवेदनशील मानिने जापानले अङ्गीकार गरेको नीति, रणनीति र कार्यक्रमहरू नेपालको लागि पनि उपयुक्त मोडल हुन सक्छ । नेपालमा जोखिममा रहेका बस्तीहरू स्थानान्तरण गर्दै एकीकृत बस्ती विकासमा जोड दिन सके पनि विपद् न्यूनीकरणमा सहयोग पुग्छ । जलवायु एवं वातावरणमैत्री संरचना निर्माणमा जोड दिने नीति अवलम्बन गर्नु जरुरी छ ।

मानवीय क्रियाकलापले गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्दै गएको छ । पछिल्लो समयमा स्थानीय सरकारले जथाभावी रूपमा डोजर लगाएर बाटो खन्दा पहिरोको जोखिम झनै बढेको छ । तीव्र गतिमा भएको वातावरण विनासले मानवीय संकट निम्त्याएको छ । स्वच्छ हावा, शुद्ध पानी, स्वस्थ जिन्दगानी कल्पनामा सीमित हुन पुगेको छ ।

प्रदूषणले जनजीवन कष्टकर बन्दै गएको छ । जैविक विविधता एवं वातावरण संरक्षणको अभावमा प्राकृतिक प्रकोपको घटना बढेको विभिन्न अध्ययन प्रतिवेदनहरूले सार्वजनिक गरेका छन् । अतः प्रकृति र वातावरणको संरक्षण गर्दै मानिसले वातावरणमैत्री क्रियाकलाप सञ्चालन गर्न जरुरी छ । आफ्नो र भावी पुस्ताका लागि भए पनि प्राकृतिक स्रोतको संरक्षण र उपयोगमा विशेष ध्यान दिनुपर्छ ।

प्राकृतिक प्रकोपले हरेक वर्ष ठूलो भौतिक तथा मानवीय क्षति पुर्‍याउँदै आएको छ । यसले नेपालको अर्थतन्त्रमा समेत नकारात्मक असर पारेको देखिन्छ । तसर्थ विपद्लाई सदाका लागि बिदाइ गर्न जरुरी छ । विपद् व्यवस्थापनका लागि सार्वजनिक नीजि साझेदारीको विकास गरी सबै संयन्त्रहरू परिचालन गर्नसके विपद्बाट हुने क्षति कम गर्न सकिन्छ । समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नु आवश्यक छ ।

आमसञ्चार माध्यमबाट पनि विपद् व्यवस्थापनको बारेमा सूचना र जानकारी प्रचारप्रसार गर्नसके पूर्वतयारीका लागि सहज हुनेछ । स्थानीय सरकारले पनि विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई राहत, उद्धार र पुनर्स्थापनालगायतका कार्यमा परिचालन गर्न आवश्यक छ । अनलाईन खबरवाट






# उद्योगहरुको माग बमोजिम जनशक्ति तयार गर्ने तैयारी

विराटनगर । प्रदेश नं. १ सरकारले रोजगारीको नाममा संचालन गरिएको प्रशिक्षण, तालम, सीप अनुसार जनशक्ति तयार गर्न नसके पछि सामाजिक विकास मन्त्रालयले उद्योगहरुको माग अनुसार जनशक्ति तयार गर्ने गरी छलफल अगाडी वढाएको छ ।

विराटनगर, ९ साउन । प्रदेश १ सरकारले उद्योगका प्रकृति अनुशारको जनशक्ति उत्पादन गर्ने भएको छ ।

सामाजिक विकास मन्त्रालयको रोजगारी प्रर्वद्धन, सीप विकास कार्यक्रम अर्न्तगत सुनसरी-मोरंग औद्योगिक करिडोरका ठुला उद्योगहरुसँग छलफल गरी उद्योगहरुको माग अनुसार जनशक्ति तयार गर्ने समाजिक विकास मन्त्रालयले जनाएको छ ।

बेरोजगारीलाई जागिर खोज्ने कामका लागि अहिले सम्म सरकारी स्तरबाट भएका तालिम खासै उपलब्धीपूर्ण नदेखिएकाले प्रयोगात्मक तालिममा जोड दिने निश्कर्षमा मन्त्राल पुगिएको छ ।

समाजिक विकास मन्त्रालयले करौडौ खर्च गरेपनि वेरोजगारलाई रोजगारी दिलाउन असमर्थ रहेकोले उद्योगको प्रकृति र माग अनुसारको सीप दिने तयारी गरिएको मन्त्री घिमिरेको भनाई छ । मन्त्रालयले रोजगारदातासँगको छलफल पनि शुरु गरीसकेको पहिलो चरणको छलफलबाट करिव २ हजारलाई रोजगारी दिने लक्ष्य राखेर सीप विकास तालिम दिने भएको छ ।

सुनसरी मोरंग औधोगिक करिडोरमा प्रत्येक वर्ष ५ हजार जनशक्ति आवश्यक देखिएपनि कोरोनाका कारण उद्योगको उत्पादन घटेकाले २ हजारको लक्ष्य राखिएको छ

सामाजिक विकास मन्त्रालयले पहिलो चरणमा अरिहन्त मल्टिफाईवर्स, रिलायन्स स्पीनिङ, पशुपति विस्कुट र तालिम प्रदायक संस्था मनमोहन पोलिटेक्नीकवीच छलफल गरेको छ ।

रिलायन्सका प्रशासन प्रमुख महेश पोखरेलले मासिक औषतमा १ सय सम्म जनशक्ति उद्योगका लागि माग हुने गरेको बताउनुभयो । अरिहन्तका नारायण लामिछानेले दीर्घकालिन योजना सहित मन्त्रालयले काम गर्न आवश्यक रहेको बताए ।

# लाँकडाउनमें भारतीयों सबसे ज्यादा क्या घर पर मंगाया

नयी दिल्ली : कोरोना वायरस का संक्रमण देश में तेजी से फैलता जा रहा है. रोजाना 50 हजार के करीब नये केस अब आने लगे हैं. कोरोना के विकराल रूप ने लोगों को सोचने पर मजबूर कर दिया है. जब देश में कोरोना की शुरू हो रही थी, तो देश करीब 3 माह तक पूरी तरह से बंद रहा. जिससे लोगों को घर के अंदर ही पूरा समय गुजारना पड़ा. हालांकि खराब आर्थिक हालात को पटरी पर लाने के लिए देश को फिर से खोलना पड़ा. अब देश अनलाँक के दौर से गुजर रहा है. लाँकडाउन के दौरान घरों में लोगों ने बाहर की चीजों से दूरी बनाया और कई लोगों ने तो अपनी पाक कला को निखारा भी. हालांकि बड़ी संख्या में लोगों ने आनलाइन आर्डर भी किये.

लेकिन जब देश अनलाँक से गुजर रहा है, तो एक बार फिर लोग अपनी पसंद की चीजों को खाने के लिए अपने पसंदीदा रेस्तरां और पब का सहारा ले रहे हैं. लाँकडाउन और हाल के अनलाँक चरणों में, आनलाइन भोजन उपलब्ध कराने वाली कंपनी स्विगी ने ग्राहकों के खरीदने के रुझान को देखा और इसको लेकर एक स्टैटिस्टिक्स रिपोर्ट तैयार किया. पाया कि जब लोग घरों में थे तो अपने कई पसंदीदा भोजन आर्डर किये, जिसे कंपनी ने पूरा भी किया.

लाँकडाउन के दौरान स्विगी ने करीब घद्दघ मिलियन किलोग्राम प्याज लोगों के डिमांड पर उनके घर तक पहुंचाया. वहीं लोग लाँकडाउन के दौरान सबसे अधिक 5 लाख चिकन बिरयानी आर्डर किये.

रिपोर्ट के अनुसार लाकडाउन के दौरान लोगों ने सबसे अधिक बटर नान और मसाला डोसा आर्डर किये. बटर नान 3.35 लाख, तो मसाला डोसा घाघज्ञ लाख आर्डर किये गये. कुल मिलाकर स्विगी ने पिछले कुछ महीनों में 40 मिलियन आर्डर भोजन, किराने का सामान, दवाओं और अन्य घरेलू सामानों का लिया. रिपोर्ट के अनुसार प्रत्येक दिन औसतन 8,000 लोगों द्वारा टछ,ण्णण आर्डर दिए गए. इसके अलावा लोगों ने उस दौरान सबसे अधिक डेजर्ट में 129,000 चोको केक आर्डर किए. साथ ही गुलाब जामुन और बटरस्काँच केक का भी आर्डर किया गया.

रिपोर्ट के अनुसार लोगों ने लाँकडाउन के दौरान जन्मदिन की पार्टियों के लिए स्विगी से करीब 1,20,000 केक आर्डर किये. वहीं लोगों ने भोजन के लगभग 3,50,000 पैकेट आर्डर किये. लाकडाउन के दौरान स्विगी को 73,000 बोतल सेनेटाइजर के भी आर्डर मिले और 47000 से अधिक फेस मास्क भी आर्डर किये गये.

गौरतलब है कि देश में कोरोना का संक्रमण तेजी से फैल रहा है. कई लोग अब अपनी आदतों में सुधार कर रहे हैं और घर के बने खानों को ही अधिक पसंद कर रहे हैं, बावजूद अधिकांश लोग अब भी रेस्तरां के बने खानों को ही अधिक पसंद कर रहे हैं. प्रभात खबर

